# कीर्तिपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

# तेस्रो नगरसभाको अधिवेशन

आगामी आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम

पेश गरिएको मितिः २०८० असार १० गते

**कीर्तिपुर नगर सभाका सभाध्यक्षज्यू**
**तथा सभाका सदस्यज्यूहरू,**

सर्व प्रथम २०४६ सालको जन आन्दोलनमा कीर्तिपुरवाट शहादत प्राप्त गर्नु हुने चार शहीदहरु राजमान माली, राजेन्द्र महर्जन, हिराकाजी महर्जन, लन वहादुर महर्जन तथा सशस्त्र द्वन्द, २०६२।०६३ सालको लोकतान्त्रिक जनआन्दोलनमा शहादत प्राप्त गर्ने वीर शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा घाईते योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछौं ।गत आ.व. २०७९।०८० हाम्रो नगरपालिकाका लागि अत्यन्त दुखःद वर्षका रुपमा रहन गयो । वडा नं. ४ का वडाध्यक्ष श्याम कुमार अधिकारी तथा कार्यपालिका सदस्य श्याम दानकोटीको असामयिक निधन भएको हुँदा वहाँहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै वहाँहरुको आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना समेत व्यक्त गर्दछौं ।

स्थानीय तहको आवधिक निर्वाचनबाट निर्वाचित भई कार्यभार सम्हालेको पनि १(एक) वर्ष पूरा भईसकेको छ । यस वर्षमा बजेट कार्यान्वयन, सेवा प्रवाह, बेरुजु फछ्यौंटको अवस्था आदि विषयमा विगत वर्षहरूको तुलनामा उल्लेखिनीय प्रगती भएको व्यहोरा अवगत गराउँदै यसमा सहयोग पुर्‍याउनु हुने सम्वद्ध सबैमा हार्दिक आभार प्रकट गर्दछौं ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य कानूनहरुले कीर्तिपुर नगरपालिकालाई सुम्पेको जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने जिम्मेवारीलाई आत्मसात गर्दै, लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सुदृढीकरण गर्ने राष्ट्रिय अभिभारामा योगदान गर्ने दृढ संकल्प सहित, स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय विधायिकी, कार्यकारिणी र न्यायिक समितिको अभ्यासलाई संस्थागत गरी कीर्तिपुर नगरपालिकालाई कीर्तिपुरवासीको आफ्नो घरदैलो स्थानीय सरकारका रुपमा स्थापित गरिनेछ ।

**मुख्य नीतिहरू**

यो नीति तथा कार्यक्रम तर्जुमा गर्दा मूल रुपमा निम्न लिखित मुख्य नीतिहरूको आधारमा क्षेत्रगत बजेट, नीति, योजना तथा कार्यक्रम अगाडि बढाइनेछ ।

- मेयर स्वास्थ्य प्रबर्द्धन कार्यक्रम अन्तर्गत घुम्ती सेवा मार्फत विषेशज्ञ चिकित्सकबाट जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू र एकल महिलाहरूको सुक्ष्म रुपमा स्वास्थ्य जाँच कार्यक्रम सञ्चालनमा ल्याईएको र आगामी वर्ष यस कार्यक्रमलाई अझ बढी प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ।
- एक घर एक स्नातक कार्यक्रमलाई निरन्तरता दिईनेछ । खुल्ला विद्यालय संचालनका लागि आवश्यक पूर्वाधार तथा अन्य तयारी कार्य गरी संचालन गर्ने प्रवन्ध गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर माथि उठाउन सहयोग पुर्याउने कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- नगर क्षेत्र भित्र रहेका शैक्षिक, स्वास्थ्य तथा अन्य संस्थाहरुले समुदायका लागि उपलव्ध निशुल्क वा अन्य सेवाहरुको सघन नियमन गरिनेछ ।

- करको दर बढाउने भन्दा दायरा फराकिलो बनाउन राजश्व प्रशासनलाई थप चुस्त बनाएर करदाता सम्वन्धी लगत अन्य सरोकारवाला निकायहरुसंग समेत समन्वय गरी सूचना प्रविधि मार्फत अद्यावधिक बनाइने छ । घर जग्गा बहालकरलाई करदाता स्वयंमलाई स्वघोषणा गराई असुल गर्ने नीति अवलम्वन गरिनेछ ।
- आ.व. २०८०/०८१ को सम्पत्ती कर सोहि आ.व. को प्रथम त्रैमासिकभित्र चुक्ता गर्नेलाई १०%, दोस्रो त्रैमासिकमा चुक्ता गर्नेलाई ५% छुटको विशेष व्यवस्था गरिनेछ।चालु आर्थिक वर्षमा कर भुक्तानी नगरेमा नयाँ आर्थिक वर्षमा ५% जरिवाना सहित कर असुलीको व्यवस्थालाई निरन्तरता दिइएको छ ।
- त्रिभुवन विश्वविद्यालयसंग समन्वय तथा सहकार्य गरी शिक्षा विकास, प्राविधिक शिक्षालय, नगरपालिका लागि आवश्यक खेलमैदान, अस्पताल, बसपार्क, फोहरमैला प्रशोधन केन्द्र लगायत विभिन्न भौतिक पूर्वाधारहरु निर्माणका लागि पहल गरिनेछ ।
- आयोजना छनौट गर्दा तत्काल प्रतिफल प्राप्त हुने र आगामी आर्थिक वर्षमा सम्पन्न हुने योजनाहरूलाई विशेष जोड दिइनेछ ।
- संघ र प्रदेश सरकारबाट प्राप्त बजेट तथा कार्यक्रमको आधारमा यस नगरपालिकाको बजेट तर्जुमा गर्दा बजेटमा दोहोरोपना नहुने व्यवस्था मिलाइनेछ । साथै बजेट कार्यान्वयन गर्दा संघ, प्रदेश र स्थानीय तह बीच समन्वयात्मक ढंगले कार्यान्वयन गर्नुका साथै सरकारी तथा गैर सरकारी संघसंस्थाहरूसँग समन्वय गरी कार्यक्रम अगाडि बढाइनेछ ।
- सबै भुक्तानीहरु विद्युतीय माध्यमबाट गर्ने व्यवस्था मिलाई मितव्ययिता कायम गरिनेछ।साथै सेवाग्राहिले राजश्व लगायत अन्य दस्तुरहरु अनलाईन मार्फत भुक्तानी गर्न सक्ने गरी व्यवस्था मिलाईनेछ ।
- घर बस्तीमा सामाजिक सुरक्षा भत्ता वितरणको सहज प्रवन्ध गरिनेछ ।
- जनप्रतिनिधिलाई पेश्की नदिने नीतिलाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।
- बेरुजु र पेश्की बेरुजु रहेका उपभोक्ता समितिहरुको अभिलेख अद्यावधिक गरी त्यस्ता समिति तथा पदाधिकारीहरुबाट योजना तथा कार्यक्रमहरु सञ्चालन नगर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- त्रिभुवन विश्वविद्यालय तथा साविक हिमाल सिमेण्ट कम्पनी लगायत नेपाल सरकारवाट अधिग्रहण वा भोगाधिकार प्रदान हुँदा भएका कमजोरीका कारण स्थानीय जनताका पुख्यौंली जग्गाका विषयमा सम्वोधन हुन वाँकी मुआब्जा तथा भूलवश रोक्का वा अधिग्रहण जनिएका जग्गा फुकुवाको विषयमा रहेका समस्या समाधान गर्न थप पहल गरिनेछ ।
- कीर्तिपुर नगरपालिका भित्रका विभिन्न चोक र सडकहरूको नाम आफूखुसी राख्ने प्रवृत्ति रोक्न कीर्तिपुर नगरपालिकाको सहरी विकास तथा भवन निर्माण मापदण्डलाई परिमार्जन गरी परम्परागत रुपमा चलनचल्तीमा रहेको नाम अनुसार चोक र सडकको नामाकरण गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

अव म आगामी आ.व. २०८०/०८१ को लागि विषयगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न गईरहेको छु ।

## क्षेत्रगत नीतिहरू

### (१) सामाजिक विकास क्षेत्र

### १.१ स्वास्थ्य

क) विष्णुदेवी अस्पतालमा बर्थिंग सेन्टर र इमर्जेन्सी सेवा सञ्चालनमा ल्याइनेछ । अस्पताललाई आवश्यक जग्गाको व्यवस्था गरी १५ शैयाको अन्तरंग सेवा सञ्चालन गर्न सक्ने गरी पूर्वाधार निर्माण गरी विष्णुदेवी अस्पतालको भवन निर्माण गर्ने कार्य गरिनेछ ।

ख) नगरपालिका भित्र बसोबास गर्ने स्थायी बासिन्दाहरुलाई कीर्तिपुर अस्पतालमा ५०% छुट सहित उपचार सेवा उपलब्ध गराउने व्यवस्थालाई अझ बढी प्रभावकारी रुपमा सञ्चालन गरी निरन्तरता दिइनेछ ।

ग) नगरपालिका भित्र बसोबास गर्ने स्थायी बासिन्दाहरुलाई एम्बुलेन्स तथा शवबाहन सेवा निःशुल्क उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

घ) ६८ वर्ष उमेर पूरा भएका जेष्ठ नागरिकलाई, सुगर प्रेसरको औषधि वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिई आगामी आर्थिक वर्षबाट पूर्ण अपाङ्गता परिचयपत्र भएका नगरवासीलाई समेत यो सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

ङ) नगरपालिका अन्तर्गत संचालित अधिकांश स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था मापदण्ड अनुरुप बनाउनका लागि न्युनतम आवश्यक भौतिक संरचना ब्यबस्थापन गरिनेछ । न्यूनतम सेवा मापदण्ड सुदृढीकरण गरी उत्कृष्ट सेवा प्रदान गर्ने स्वास्थ्य संस्थालाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

च) फरक क्षमता भएका व्यक्ति, असक्त तथा ज्येष्ठ नागरिकहरुका लागि थेरापी, अकुपंचर, अकुप्रेसर सेवा तथा सहायक सामग्रीहरु उपलव्ध गराउने व्यवस्था गरिनेछ ।

छ) नगरक्षेत्र भित्रका निजि स्वास्थ्य संस्थाको दर्ता, नियमन तथा अनुगमन कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

ज) जनस्वास्थ्यमा प्रतिकुल असर गर्ने सुर्तीजन्य र मदिराजन्य पदार्थको प्रबर्द्धनमा बन्देज लगाई बिक्रि बितरणमा नियमन गरि सार्वजनिक तथा सरकारी सेवा प्रवाह गर्ने भवन तथा स्थलहरुमा पूर्ण रुपमा निषेधित क्षेत्र घोषणा गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

झ) नगरपालिकाको सहयोगमा स्थापना गरिएको कीर्तिपुर अस्पतालमा रहेको अक्सिजन प्लान्टबाट नगरपालिका भित्र बसोबास गर्ने दम, मुटु र फोक्सोका रोगीहरुलाई लक्षित गरि निःशुल्क रुपमा अक्सिजन उपलव्ध गराउने व्यवस्था मिलाईनेछ ।

ञ) स्वास्थ्य संस्थाहरूमा भएको स्वास्थ्यजन्य फोहरमैलालाई उचित व्यवस्थाका लागि आवश्यक प्रबन्ध मिलाईनेछ ।

ट) बहुक्षेत्रीय पोषण योजना कार्यक्रम अन्तर्गत पोषण तथा खाद्य सुरक्षा सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।कीर्तिपुर नगरपालिकालाई कुपोषणमुक्त नगरपालिका घोषणा गर्नका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ठ) गर्भवती तथा सुत्केरी महिलाहरुलाई आवश्यक स्वास्थ्य परीक्षण निःशुल्क रुपमा उपलब्ध गराउने व्यवस्था मिलाउनुको साथै निःशुल्क आइरन तथा क्याल्सियम चक्की वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

ड) कीर्तिपुर अस्पताल मार्फत निःशुल्क डायलासिस सेवा उपलब्ध गराईनेछ ।

ढ) अति विपन्न परिवार स्वास्थ्य उपचार सहयोग कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

ण) कीर्तिपुर आँखा अस्पतालको सहकार्यमा आँखा स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

त) महिला स्वास्थ्य स्वयंमसेविकाहरू मध्ये उमेर हदका कारण अनिवार्य अवकास हुनेहरूलाई सम्मानजनक अवकासको व्यवस्था मिलाईनेछ ।

थ) नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्त सञ्चार केन्द्र, सोल्टीमोडको सहकार्यमा कीर्तिपुर नगरवासीका लागि आवश्यक परेको बखत रगत तथा रक्त पदार्थहरू निःशुल्क उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ । साथै सो सम्बन्धमा त्रि.वि. लायन्स रक्त सञ्चार तथा अनुसन्धान केन्द्रसँग समेत सहकार्यको पहल गरिनेछ ।

द) एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन तथा डिजिटल हेल्थ कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

ध) एक बिद्यालय एक नर्स कार्यक्रमलाई सबै सामुदायिक विद्यालयमा पुर्याइ निजि बिद्यालयहरुमा समेत बिस्तार गर्न आवश्यक समन्वय गरिनेछ । साथै विद्यालय स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइनेछ र नगर क्षेत्र भित्रका बिशेष विद्यालयहरुको उत्थानका कार्यक्रमहरु ल्याईनेछ।

न) विश्व ब्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को खोप लिन छुट भएका कीर्तिपुरबासीलाई पूर्ण खोप लगाउने व्यवस्था मिलाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

प) लागु औषध दुव्यर्सन नियन्त्रण र न्युनीकरण गर्न विभिन्न प्रवर्द्धनात्मक एंव नियन्त्रणमूलक क्रियाकलापहरू सञ्चालन गरिनेछ । साथै किशोर किशोरीहरूलाई कुलतबाट बचाउन विद्यालयमा साथी शिक्षा कार्यक्रम तथा स्वास्थ्य संस्थाहरूलाई किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

फ) कीर्तिपुर नगरपालिकामा नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

ब) कीर्तिपुर नगरपालिका वडा नं. ६ मा रहेको चोभार स्वास्थ्य चौकीमा स्वास्थ्य प्रयोगशाला सञ्चालनमा ल्याइनेछ र स्वास्थ्य संस्थाहरूमा क्रमशः स्वास्थ्य प्रयोगशाला स्थापना गर्ने नीति अवलम्बन गरिनेछ । नगरपालिका भित्र मनोसामाजिक परामर्श केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउने व्यवस्था गरिनेछ ।

भ) आयुर्वेद स्वास्थ्य सेवालाई थप प्रभावकारी, सक्षम र सुढ्ढिढीकरण गर्दै वर्ष भरी नै निशुल्क औषधी वितरण गर्न प्रयास श्रोत र साधनको व्यवस्था गरिनेछ ।

म) नागरिक आरोग्य कार्यक्रमलाई वर्षभरी नै सञ्चालन गर्न थप स्रोतको व्यवस्था गरिनेछ ।

य) कीर्तिपुर नगरवासीहरूलाई सर्वसुलभ रुपमा सहुलियत दरमा औषधी बिक्री गर्न नगर फार्मेसी सेन्टर स्थापना गरिनेछ ।

## १.२ शिक्षा

क) कीर्तिपुर नगरपालिका वडा नं ९ मा गणेशमान सिंह प्राविधिक शिक्षा अध्ययन केन्द्र स्थापना गरी ३ वर्षे डिप्लोमा इन सिभिल इन्जिनियर र डिप्लोमा इन अटोमोबाइल इन्जिनियर विषयको पठनपाठन शुरुवात गरिनेछ ।

ख) एक घर एक स्नातक कार्यक्रम अन्तर्गत मंगल बहुमुखी क्याम्पस, जनाधार क्याम्पस र शहीद स्मारक कलेजसँगको सहकार्य र समन्वयमा सञ्चालित कार्यक्रमलाई प्रभावकारी बनाउदै निरन्तरता दिइनेछ ।

ग) नगरस्तरीय दश वर्षे दीर्घकालिन शिक्षा योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ साथै योजनाबद्द ढंगबाट कीर्तिपुरवासीलाई गुणस्तरीय शैक्षिक अवसरको प्रत्याभूती गराइनेछ ।

घ) सामुदायिक तथा शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरुको शैक्षिक भौतिक प्राविधिक र व्यवस्थापकीय पक्षहरुको सबलिकरण गर्दै स्थानीय विद्यार्थीहरुको आकर्षणयुक्त शैक्षिक केन्द्रको रुपमा विकास गरिनेछ ।

ङ) प्रधानध्यापक शिक्षक बालविकास सहजकर्ता विद्यालय कर्मचारी विद्यालय सहयोगी र स्थानीय विषयको पाठ्यक्रम अध्यापन गर्ने शिक्षकहरुको लागि वृत्ति विकास तथा प्रोत्साहन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

च) राष्ट्रिय प्राठ्यक्रम प्रारुप २०७६ लाई पूर्णरुपमा कार्यान्वयन गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नका लागि शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकास गरिनेछ र विद्यालय तहका शैक्षिक जनशक्तिलाई अनुसन्धानात्मक कार्यमा संलग्न गराइनेछ ।

छ) विद्यालय तहका अन्य कक्षाहरुको साथै आधारभूत तहको अन्तिम (कक्षा ८) परीक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाई कक्षा ५ र ८ को परीक्षाको आधारमा विद्यालयको शैक्षिक स्तर निर्धारण गरिनेछ ।

ज) नगर क्षेत्र भित्रका विद्यालहरुमा अध्यनरत बालबालिका, युवा, शिक्षकहरुको प्रतिभा पहिचान, सृजनात्मक कार्य र अन्वेषणात्मक कार्यहरुलाई प्रोत्साहन गर्नका लागि अन्वेषणात्मक अवधारणा पत्र निर्माण गरी क्रमश नगरस्तरीय Innovation Center स्थापना गरिनेछ ।

झ) कीर्तिपुर माध्यमिक विद्यालयलाई नमुना विद्यालय अन्तर्गत उपलब्ध गराउदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिँदै यस वर्ष टौदह माध्यमिक विद्यालयलाई समेत नगरको नमुना विद्यालयमा थप गरी क्रमशः अन्य विद्यालयहरुमा समेत सुधारका कार्यक्रम अगाडी बढाइनेछ ।

ञ) यस नगरपालिकामा कक्षा ४ सम्मका विद्यार्थीहरुलाई स्थानीय पाठ्यक्रम अन्तर्गत नेपाल भाषाको झिःगु किपू विषय पठनपाठन गराउदै आइरहेकोमा यसलाई क्रमशःथप गरी कक्षा ५ सम्म पठनपाठन सुरु गरिनेछ र स्थानीय पाठ्यक्रमलाई समय सापेक्ष परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ ।

ट) यस नगरलाई बालमैत्री स्थानीय तह घोषणा कार्यक्रम अन्तर्गत न्यूनतम पूर्वाधार र मापदण्ड नपुगेका सामुदायिक तथा संस्थागत विद्यालयहरु सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा विस्तृत अध्ययन गरी

प्राप्त प्रतिवेदनका आधारमा आवश्यकता अनुसार समायोजन तथा तह मिलान गरी बालमैत्री विद्यालय भएको नगरपालिका घोषणा गरिनेछ ।

ठ) खुला विद्यालयको अवधारणालाई आत्मसाथ गरी नगरपालिकामा रहेको कुनै सामुदायिक विद्यालयसँगको सहकार्यमा एउटा खुला विद्यालय स्थापना गरी विद्यालय शिक्षाबाट वञ्चित नागरिकहरुको शैक्षिक हक सुनिश्चित गरिनेछ ।

ड) विद्यालयको शैक्षिक, प्रशासनिक, प्राविधिक र व्यवस्थापकीय पक्षलाई पारदर्शी र प्रभावकारी बनाउनका लागि उपयुक्त अनुगमन साधन (Monitoring Tools) को प्रयोग गरी विद्यालयको अनुगमन गरिनेछ ।

ढ) अति विपन्न र दलित परिवारका नगरवासी विद्यार्थीहरूलाई सामुदायिक विद्यालयहरुमा १२ कक्षा सम्म नि:शुल्क शिक्षा दिने व्यवस्था मिलाईनेछ ।

ण) यस वर्ष कीर्तिपुर नगरपालिकाका २ वटा विद्यालयमा हरित विद्यालय विकास कार्यक्रम लागू गरिनेछ र अन्य सामुदायिक विद्यालयहरूमा क्रमशः यो कार्यक्रमलाई विस्तार गर्दै विद्यालयमा हरित पर्यावरण प्रवर्द्धन गरिनेछ ।

## १.३ लैगिंक समानता तथा सामाजिक समावेशीकरण नीति

क) यस नगरपालिका क्षेत्रभित्र सञ्चालन गरिने प्रत्येक विकास निर्माण, श्रोत साधनको वितरण र अन्य क्रियाकलापहरुमा लैंगिक समानता तथा सामाजिक समावेसीकरणको नीतिलाई प्रभावकारी रुपमा अवलम्वन गर्दै लगिनेछ ।

ख) महिला, बालबालिका, युवा, जेष्ठ नागरिक र लक्षित वर्गको सशक्तिकरण गर्दै विकासको मूलप्रवाहमा समाहित गर्ने नीति लिईने छ ।

ग) छुवाछुतमुक्त नगरपालिका बनाउने नीति पूर्ण रुपमा कार्यान्वयन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

घ) द्वन्द पिडित परिवारलाई क्षमता अभिबृद्धि, सिप विकास गराई आत्मनिर्भर बनाउने नीति लिईनेछ ।

ङ) यस नगरपालिका क्षेत्रभित्रका लक्षित वर्गहरुको सरकारी निकाय, गैरसरकारी निकायहरुबाट प्रदान गरिने सेवा सुविधाहरुमा पहुँच अभिवृद्धि गर्न, विकास निर्माणका क्रियाकलापहरुमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न र प्राप्त प्रतिफलको न्यायोचित वितरण हुने व्यवस्था गर्न आवश्यक प्रवन्ध गरिनेछ ।

च) वडा नं ७ लाई बालमैत्री वडाको रुपमा घोषणा गरिनेछ र क्रमशः अन्य वडाहरूमा समेत पूर्वाधार पूरा गरी बालमैत्री वडा घोषणा गर्दै सो मार्फत कीर्तिपुर नगरपालिकालाई बालमैत्री नगरपालिकाको रुपमा परिचित गराइनेछ ।

छ) कीर्तिपुर नगरपालिका भित्र सञ्चालित जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालनको लागि आर्थिक अनुदान उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ । साथै लैङ्गिक अल्पसंख्यक नगरवासीको लागि क्षमता अभिवृद्धिको कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

## १.४ उद्योग तथा वाणिज्य नीति

क) लघु उद्यम विकास कार्यक्रमको मोडेलमा बजारको माग बमोजिम लघु उद्यमीहरुका लागि तालिम तथा प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ख) घरेलु तथा साना उद्योग स्थापना र सञ्चालन गर्न चाहने नगरवासीलाई आवश्यक पर्ने रकम सहुलियत दरमा ऋण स्वरुप उपलब्ध गराउन स्वरोजगार कोषको स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

ग) नेपाल सरकार तथा बागमती प्रदेश सरकारसंग समन्वय गरी औद्योगिक ग्राम स्थापना तथा संचालनका लागि आवश्यक पहलकदमी लिईनेछ ।

घ) नगरवासीहरूलाई नगरभित्र उत्पादित स्थानीय सामानहरूको उपयोग गरी स्थानीय उत्पादनलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।

ङ) नगर विकास एवं रोजगार तथा उत्पादनमूलक आयोजनाहरु सञ्चालनका लागि ऋण अनुदान लिने नीति लिइनेछ ।

च) स्थानीय उत्पादनको प्रवर्द्धन एवं बजारीकरण गर्न नगरपालिका भित्रका व्यापारिक चोक/सार्वजनिक स्थलमा घुम्ती बजार सञ्चालन तथा सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

छ) अपांगता भएका व्यक्तिहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउनका लागि सहयोग पुग्ने किसिमका क्रियाकलापहरु संचालन गरिने छ ।

ज) घरेलु तथा लघु उद्यमीहरुका लागि बिउ पूँजी तथा प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।

## १.५ गैर सरकारी एवं नीजि क्षेत्रसंग साझेदारी

क) स्वदेशी, विदेशी, सामुदायिक एवं नीजि क्षेत्रका उद्योगी व्यावसायीहरुलाई लगानी मैत्री वातावरण श्रृजना गरी उत्पादन तथा रोजगारमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।

ख) नगर क्षेत्रभित्र क्रियाशिल राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ, संस्थाहरुको वार्षिक योजना तथा कार्यक्रम नगरपालिकाको वार्षिक योजना तथा कार्यक्रममा समावेश गरेर सञ्चालन गर्न दिने व्यवस्था मिलाईनेछ।साथै गैर सरकारी संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरुमा संस्थाको समेत लागत साझेदारी रहने व्यवस्था मिलाइनेछ ।

## १.६ खानेपानी तथा सरसफाई

क) काठमाडौं उपत्यका खानेपानी लिमिटेडको सुन्दरीघाट वितरण केन्द्रबाट निश्चित मात्रामा थप पानी कीर्तिपुर क्षेत्रमा वितरण गर्ने व्यवस्था मिलाइनेछ ।साथै एकिकृत खानेपानी परियोजना सञ्चालन मार्फत नगर क्षेत्रमा खानेपानी समस्या समाधान गर्न कीर्तिपुर नगरपालिका वडा नं. ४, तामाङ बस्तीको आसपास खानेपानी टयांकी निर्माण गरी कीर्तिपुरबासीलाई पर्याप्त स्वच्छ खानेपानी वितरण गर्ने नीति लिईनेछ।

ख) खानेपानी मुहानको संरक्षण, व्यवस्थित रुपमा खानेपानी लाईनको विस्तार तथा वितरण गरी स्वच्छ खानेपानी उपभोगका लागि काठमाडौं उपत्यका खानेपानी लिमिटेडसंग समन्वय र सहकार्य गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

ग) सार्वजनिक शौचालय निर्माण, सञ्चालन तथा व्यवस्थापन निर्देशिका कार्यान्वयनमा ल्याईनेछ । कीर्तिपुर नगरपालिका वडा नं १० मा रहेको पर्यटन सूचना केन्द्रलाई लक्षित गरी एउटा सार्वजनिक शौचालय निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।

घ) आकासे पानी संकलन कार्यमा स्थानीय संघ संस्थाहरुको सहभागितामा स्थानीय ऐतिहासिक पोखरीहरुको संरक्षण गरी जमिनमा पानी रिचार्ज गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

ङ) खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WASH PLAN) र दिशाजन्य लेदो व्यवस्थापनको कार्यविधि बनाई नगरव्यापी समावेशी सरसफाई (CWIS) योजना कार्यान्वयनमा ल्याइनेछ ।

## (२) आर्थिक विकास क्षेत्र

### २.१ कृषि विकास

क) नगर क्षेत्रका कृषि पेशा तथा व्यवसाय प्रवर्द्धन गर्न कृषि उत्पादनमा संलग्न कृषक, व्यवसायी, उद्यमीको वास्तविक संख्या र उनीहरुको विद्यमान अवस्थाको विवरण संकलन गरिनेछ ।

ख) साना/सिमान्तकृत/विपन्न वर्गका कृषकहरुलाई कृषि विकासका लागि मौसम र अवस्था अनुसार बिभिन्न बालीका लागि आवश्यक कृषि सामग्रीहरु (बिउ, मल, विषादी, कृषि औजार, आदी) निशुल्क उपलब्ध गराइनेछ ।

ग) युवाहरुलाई कृषिमा आकर्षित गर्न युवा लक्षित कृषि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

घ) बाँझो जमिनलाई कृषि उत्पादनमा प्रयोग तथा उपयोगिता प्रणाली अवलम्बन गर्न/गराउन आवश्यक सहयोगका साथै कौसी खेती, अर्गानिक तथा जैबिक खेतीलाई प्राथमिकता दिइनेछ।

ङ) स्थानीय बजार ब्यवस्थापन, संकलन केन्द्र,स्थानीय कृषि बजार स्थापना गरिनेछ ।

च) कृषि प्रचार प्रसार तथा क्षमता अभिबृद्धिका कार्यक्रमहरु (तालिम, गोष्ठी, घुम्ती शिविर, नतिजा प्रर्दशनी, कृषि प्रर्दशन मेला आदी) आवश्यकता अनुसार सञ्चालन गरिनेछ ।

छ) कृषि विमा कार्यक्रमक्रमलाई प्राथमिकता दिईनेछ ।

### २.२ पर्यटन तथा सँस्कृती प्रवर्द्धन

क) नगरपालिकाको समग्र पर्यटन विकासका लागि व्यवस्थित आधुनिक र प्रविधिमैत्री पर्यटन सूचना केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ । साथै उक्त केन्द्रमा सानो संग्रहालय समेत स्थापना तथा सञ्चालन गरिनेछ ।

ख) कीर्तिपुर साँस्कृति संरक्षित क्षेत्र सम्वन्धी ऐन, २०७८ र नियमावली, २०७९ को कार्यान्वयनका लागि आवश्यक बजेट एवं जनशक्तिको प्रवन्ध गरिनेछ ।

ग) समग्र पर्यटन क्षेत्रको विकासका लागि सरकार, स्थानीय जनसमुदाय र निजी क्षेत्र वीच समन्वयात्मक भूमिका निर्वाह गरिनेछ। सूचना प्रविधिको यथोचित उपयोग गरी पर्यटन क्षेत्रमा निजी क्षेत्रको लगानी अभिवृद्धिका लागि आवश्यक वातावरण निर्माण गरिनेछ ।

घ) नेपाल सरकार पर्यटन वोर्डको सहकार्यमा शुभारम्भ गरिएको रात्री कालिन पर्यटन प्रवर्द्धन कार्यक्रमलाई सरोकारवालाहरूको समन्वय र सहकार्यमा निरन्तर रुपमा सञ्चालनमा ल्याइनेछ ।

ङ) पर्यटनलाई नगरबासीको जीविकोपार्जन र रोजगारीका अवसरसंग जोडेर तीनिहरुको जीवन स्तरमा सुधार गर्ने वातावरण निर्माण गरिनेछ ।

च) पर्यटकीय स्थल तथा पर्यटकीय सम्पदाको समुचित संरक्षण, पर्यटकको सुरक्षा, सेवा सुविधाको संख्यात्मक र गुणात्मक वृद्धि, पर्यटकीय पूर्वाधार विकासका खास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

छ) नगर क्षेत्रका सांस्कृतिक, प्राकृतिक, पुरातात्विक एवं जैविक सम्पदाहरुको संरक्षण र प्रचारप्रसारका लागि व्यावसायिक संस्था तथा स्थानीय समुदायसंग हातेमालो गरिनेछ ।

ज) कीर्तिपुरलाई पयर्टकीय गन्तव्य स्थलको रुपमा विकास गर्न विभिन्न स्थानहरूमा पयर्टन प्रवर्द्धनात्मक गतिविधिहरू नियमित रुपमा सञ्चालनको व्यवस्था गरिने छ ।

झ) आन्तरिक र बाह्य पयर्टन प्रवर्द्धनको लागि साँस्कृतिक पर्वहरूमा साँस्कृतिक सम्पदा पदयात्राको आयोजना गरिने छ ।

ञ) नगरका विभिन्न ठाउँहरूमा होम स्टे (घरबास) को विकास तथा प्रवर्द्धनका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

ट) स्थानीय स्तरबाटै पर्यटन क्षेत्रको लागि आवश्यक दक्ष जनशक्तिको विकासका लागि सम्वद्ध निकायहरुसंग साझेदारीमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ठ) बाजागाजा, जात्रापर्वको सम्बर्द्धन र प्रबर्द्धनार्थ परापूर्वकालदेखि आफ्नो लगन र अथक परिश्रमद्वारा हालसम्म पनि जीवन्त सँस्कृतिको रुपमा जोगाई राख्न सफल स्थानीय भेषभूषा, बाजागाजा खलः, पुचः तथा जात्रापर्व सञ्चालन गर्दै आइरहेका समूहसंग प्रत्यक्ष सहकार्य गरिनेछ ।

ड) कला र संस्कृतिको संरक्षण र सम्वर्द्धनका लागी पुस्तान्तरण कार्यक्रम सञ्चालन गर्न गरिने कृयाकलापहरुमा आवश्यक सहयोग गरिनेछ ।

ढ) जाति, जनजाति लगायतका समुदायहरुको सांस्कृतिक संरक्षण गर्न संग्राहलयको निर्माण तथा संस्कृति, सम्पदा र भाषा लिपि संरक्षणका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

ण) घना बस्ती क्षेत्रमा परम्परागत शैलिका घर निर्माणमा सहयोगको कार्यक्रमलाई नयाँ घर निर्माण, पुरानो घरको मर्मत सम्भार र रेट्रोफिटिङ्ग समेतमा आर्थिक सहयोग गर्ने गरी अझ प्रभावकारी रुपमा विस्तार गरिनेछ ।

त) सामुदायिक वन क्षेत्रमा पर्या-पर्यटन विकासका कार्यक्रमहरु सञ्चालन गर्न जनसहभागिताका आधारमा पर्यावरणीय संरक्षण गर्ने नीति लिइनेछ ।

थ) कीर्तिपुर नगरपालिकाको प्रवेश विन्दु ल्याब स्कूल चोकमा पर्यटन सहायता कक्ष निर्माण गरिनेछ ।

द) स्वदेशी तथा विदेशी स्थानीय सरकार तथा नगरपालिकाहरूसंग भागिनी सम्बन्ध स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

ध) दिगो विकास लक्ष्य (SDG) लाई स्थानीयकरण गर्दै नगरपालिकामा दिगो विकास लक्ष्यको कार्ययोजना तर्जुमा गरी कार्यान्वयन ल्याइनेछ ।

न) कीर्तिपुर नगरपालिका क्षेत्रभित्र रहेका साँस्कृतिक एवं पुरातात्विक सम्पदाहरूको खोज अध्ययन अनुसन्धान गरी सोधपत्र लेख्ने स्थानीय विद्यार्थीहरूलाई आर्थिक सहयता उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

## २.३ सहकारी विकास

क) नगर र नगरवासीको आर्थिक तथा सामाजिक विकासका लागि तीन खम्बे अर्थनीतिको सारलाई ग्रहण गर्दै सहकारी क्रियाकलापहरुलाई सोही अनुरुप अगाडि वढाउन नगरपालिकाले उत्प्रेरकको भूमिका निर्वाह गर्नेछ ।

ख) सहकारी ऐन, नियमावलीका आधारमा सबै सहकारी संस्थाहरुको नियमित प्रतिवेदन लिने, स्थलगत अनुगमन, वार्षिक साधारण सभा, आवधिक निर्वाचनमा सहजिकरण गर्ने कार्यलाई आगामि वर्षमा थप प्रभावकारी बनाईनेछ ।

ग) सहकारी क्षेत्रलाई अर्थतन्त्रको एक महत्वपूर्ण स्तम्भका रुपमा विकास गरी सबै सामाजिक तथा आर्थिक क्षेत्रमा सहकारिताको भावना विकास गर्ने गरी नेपाल सरकार तथा बागमती सरकारवाट सार्वजनिक गरिएको नीतिलाई आत्मसात गर्दै आ.व.०८०।०८१ मा सहकारी क्षेत्रको नियमन, प्रवर्धन र प्रशिक्षणका विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछन् । यसमा विषयगत सहकारी संघहरु, सहकारी बैंकसंग समेत सहकार्य गरिनेछ ।

घ) सहकारी तथा गरिबी निवारण व्यवस्थापन सूचना प्रणाली (COPOMIS) सफ्टवेयरलाई नेपाल सरकारले तय गरेको नीति तथा कार्यक्रम अनुसार सम्वन्धीत विभागसँग समन्वय गरी सबैलाई अनिवार्य लागु गर्न प्रोत्साहित गरिनेछ ।

ङ) कीर्तिपुर सहकारी संघ लिमिटेड सहित सहकारी अभियानसंग सहकार्य गरी सहकारी संस्थाहरुको तर्फवाट नगरपालिका, नगरवासी तथा आफ्नो समुदाय प्रति रहेको सामाजिक उत्तरदायित्व वहन गर्ने कार्यलाई पारदर्शी, व्यवस्थित तथा प्रभावकारी वनाइने छ ।

च) सहकारी संस्थाहरु एकिकरणका लागि आवश्यक सहजिकरण तथा प्रोत्साहन गरिनेछ ।

छ) सहकारी विकासका लागि सरोकारवाला पक्षहरुको सहभागितामा आवश्यक नीति, आवश्यक मापदण्ड, निर्देशिका, कार्यविधिहरुको निर्माण गरिनेछ ।

## २.४ पशु विकास

क) युवाहरुलाई पशुपालन व्यवसायमा आकर्षित गर्ने युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ख) स्थानीय वजार व्यवस्थापन, संकलन केन्द्र, स्थानीय पशुपंछि वजार स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

ग) सामुदायिक कुकुरहरुलाई रेविज भ्याक्सिन तथा स्थायी वन्ध्याकरण गरी वढ्दो समस्याको नियन्त्रण गरिनेछ । साथै निजी क्षेत्रसँगको समन्वय तथा सहकार्यमा सामुदायिक कुकुरहरूको व्यवस्थापन गरिनेछ ।

घ) पशुपंछी पालन व्यवसाय गरिरहेका साना किसानहरुलाई व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्न आधुनिक यान्त्रिकरणहरु लागत साझेदारीमा उपलब्ध गराईनेछ ।

ङ) पशुपंछी फर्म दर्ता, समुह समिति दर्ता अद्यावधिक तथा सञ्चालन गर्ने कार्यलाई थप सशक्त बनाईनेछ ।

च) उत्पादकत्व वृद्धि गर्न पशुहरुमा नश्ल सुधार, पशु स्वास्थ्य सेवा, पशुपंक्षी रोग नियन्त्रण तथा सेवा सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ ।

छ) पशुपंछी पालन गरिरहेका विपन्न वर्ग, एकल महिलाहरुलाई उन्नत जातको पशुपंछी निःशुल्क वितरण गरिनेछ ।

ज) नगरपालिकाको वडा नं ९ मा स्थापित मिटमार्ट सेन्टरको नियमित अनुगमन गरी थप सुधार गर्न लगाइनेछ।मिटमार्ट तथा बधशाला, डेरि तथा मासु पसलहरुलाई आधुनिक तरिकाबाट व्यवस्थापन तथा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

झ) पशु विमा कार्यक्रमक्रमलाई प्राथमिकता दिईनेछ ।

## २.५ रोजगार

क) नगर क्षेत्र भित्रका बेरोजगार व्यक्तिहरुको तथ्याङ्क अद्यावधिक गरिनेछ ।

ख) बेरोजगार व्यक्तिहरुलाई अल्पकालिन रोजगारी एवम् रोजगार प्रदायक संस्थाहरुसंग समन्वय गरी रोजगारी प्रदान गर्न सहजिकरण गरिनेछ।

ग) सीपमूलक तथा व्यवसायिक एवं विशिष्ट तालिम सञ्चालन गरिनेछ।

घ) तालिम, उद्यमशिलता, बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि आवश्यक परामर्श प्रदान गरिनुकासाथै सहजिकरण गरिनेछ ।

ङ) प्रधानमन्त्री रोजगार कार्यक्रमलाई नगरपालिकाको विकास निर्माण सम्बन्धी योजना तथा कार्यक्रमहरुमा आबद्ध गर्ने नीती अबलम्बन गरिनेछ ।

## २.६ राजश्व परिचालन

क) राजश्व संकलनका लागी घरदैलो तथा घुम्ती टोली परिचालन गरिने छ र नगरपालिकाको राजश्व संम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा राजश्वको दायरा बिस्तार गरिनेछ ।

ख) उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, घरेलु तथा साना उद्योग संघका प्रतिनिधिहरु, बजार व्यबस्थापन समितिका प्रतिनिधिहरु, जनप्रतिनिधि, कर्मचारी तथा कर संकलन स्वयमसेवकहरु समेतको सहभागीतामा घर बहाल र व्यवसाय कर संकलन अभियान एवं सचेतना कार्यक्रम सञ्चालन गरी नगर भित्रका सम्पुर्ण व्यवसायहरुको अभिलेखिकरण गरिने छ ।

ग) राजश्व प्रशासनलाई अझै सक्षम, पारदर्शी, प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाउँदै विद्युतिय भुक्तानी मार्फत आम्दानी गर्ने व्यवस्था मिलाईनेछ ।

घ) करदाताहरुलाई विभिन्न कर छुटका सुविधाहरू मार्फत करको दायरामा ल्याई कर संकलन कार्यलाई प्रभावकारी बनाईने छ ।

ङ) बहाल करको हकमा आफुले तिर्नु पर्ने करका बारेमा पछि फरक नपर्ने गरी बहाल कर स्व–घोषणा तथा बहाल संम्झौता पत्र अनुसार कर असुली कार्य अनिवार्य गरिनेछ ।

च) यस नगर क्षेत्रमा नक्सापास नगरी वा स्विकृत भवन सम्वन्धी मापदण्ड विपरित निर्माण भएका भवनहरुको पनि सम्पत्ती कर चुक्ता प्रयोजनका लागि मात्र करको दायरामा ल्याइने छ ।

छ) नगरवासीहरुलाई राजश्व सम्बन्धि विस्तृत जानकारी गराउन सन्देशमुलक कर शिक्षा कार्यक्रमहरु सञ्चालन गरीने छ ।

ज) यस नगर क्षेत्रमा भएका विभिन्न मनोरञ्जन कर ,पर्यटक शुल्क, पिकनिक स्थल कर, विज्ञापन करहरुको कार्यविधी तथा मापदण्ड बनाई करको दायरामा ल्याईनेछ ।

झ) नागरिकता व्यक्तिगत घटना दर्ता, विपद् सम्बन्धी सिफारिस एवं मृतकसंगको नाता प्रमाणित प्रमाणपत्र जारी गर्ने वाहेक नगरपालिका तथा वडा कार्यालयवाट उपलव्ध हुने सेवा सुविधा सम्पत्ती कर तथा बहाल कर लगायतका करहरु अनिवार्य रुपमा चुक्ता गरी गराई मात्र प्रदान गर्ने व्यवस्था गरिनेछ ।

ञ) नेपाल सरकारले सञ्चालनमा ल्याएको स्थानीय संचित कोष व्यवस्थापन प्रणालीमा राजश्व मोडुललाई लागू गरिनेछ ।

## (३) वन, वातावरण तथा विपद् व्यवस्थापन

## ३.१ फोहरमैला व्यवस्थापन तथा सरसफाई

क) फोहर उत्पादन स्थलबाटै कुहिने र नकुहिने फोहोर वर्गिकरण गरी संकलन गर्ने व्यवस्था गरिनेछ । कुहिने फोहोरवाट जैविक मल बनाउन प्रोत्साहन गरी सोको बजार समेत व्यवस्थापन गरिनेछ र जैविक मल उत्पादन गर्न चाहनेहरुलाई अनुदान समेत उपलब्ध गराइनेछ ।

ख) फोहरमैला संकलन प्रतिस्पर्धाका माध्यमवाट निजी क्षेत्रको सहभागितामा गरिने छ । यसरी सहभागी भएको निजि क्षेत्रहरूको नियमित अनुगमन र सुपरिवेक्षण गरिनेछ र सम्झौता बमोजिम नगर्ने निजि क्षेत्रलाई कानूनको दायरामा ल्याइनेछ ।

ग) नेपाल सरकारले तोकिएको मापदण्ड भन्दा घटी माइक्रोनका प्लाष्टिक प्रयोगलाई निषेध गर्ने नीति लिइनेछ ।

घ) टोल टोलमा स्थानीय संघसंस्था, महिला समूह र क्लबहरुको संलग्नतामा सार्वजनिक स्थल सफा राख्न, हरियाली प्रवर्द्धन गर्न साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

ङ) कीर्तिपुर नगरपालिका वडा नं ९ सुन्दरीघाटमा फोहोरमैला प्रशोद्धन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

च) घर, सार्वजनिक, ऐतिहासिक स्थलको फोहोर व्यवस्थापनका लागि स्थानीय पठ्याक्रममा व्यवस्था भए अनुरुप विद्यालयहरुसंग समन्वय गरी वातावरणीय शिक्षा दिने व्यवस्था गरिनेछ ।

छ) फोहोर मैला प्रशोधन गरी बाँकी रहेको फोहोरलाई अन्तिम विर्सजन गर्नका लागि नेपाल सरकारले तोकेको स्यानेटरी ल्याण्डफिल साईटमा पु¥याउनका लागि सम्वन्धित निकायसंग आवश्यक समन्वय र सहकार्य गरीनेछ । फोहोरमैला पुनप्रयोगका लागि विशेष नीति अवलम्वन गरिनेछ ।

ज) फोहरमैला संकलन, व्यवस्थापन तथा प्रशोधन कार्यका लागि फोहरमैला व्यवस्थापन तथा प्लाष्टिक झोला प्रतिवन्ध सम्वन्धी निर्देशिका, २०७५ कार्यान्वयन गरिनेछ ।

झ) कीर्तिपुर नगरपालिका भित्रको वन संरक्षण, वायु प्रदुषण, खानेपानी तथा सरसफाई, फोहरमैला व्यवस्थापन आदि सम्वन्धी अध्ययन अनुसन्धान कार्यका लागि त्रिभुवन विश्वविद्यालय, वातावरण विभाग र वायो-टेकसंगको आवश्यक समन्वय र सहकार्यमा गरिनेछ ।

ञ) एक विद्यालय एक सम्पदा सफाइ कार्यक्रम अभियानकै रुपमा अगाडि बढाइनेछ ।

ट) नगरको सरसफाइलाई थप प्रभावकारी बनाउन एक सहकारी एक सार्वजनिक क्षेत्र वा एक मार्ग सरसफाईको नीति लिईनेछ ।

ठ) वातावरण मैत्री स्थानीय शासन प्रारुप, २०७८ कार्यान्वयन गरिनेछ ।

ड) टोल विकास संस्था दर्ता सम्बन्धी कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ र टोलबासीहरूलाई संस्थामा आवद्ध हुन अभिप्रेरित गर्ने र ती संस्थाहरूलाई सरसफाई र फोहोरमैला व्यवस्थापनको कार्य सहभागी गराउने नीति अबलम्बन गरिनेछ ।

ढ) कीर्तिपुर नगरलाई स्वच्छ र सफा बनाउन फोहोर संकलन कार्डको व्यवस्था गरी फोहोर संकलन गर्ने प्रवन्ध मिलाईनेछ ।

## ३.२ वन तथा वातावरण

क) नगरपालिका क्षेत्रभित्र खाली रहेका सरकारी, पर्ती, ऐलानी तथा सार्वजनिक जग्गाहरुमा विभिन्न जाति तथा प्रजातिका बोट विरुवाहरु वृक्षारोपण कार्य सञ्चालन गरिनेछ ।

ख) सार्वजनिक संस्था, सामुदायिक वन उपभोक्ता समुह, व्यापारिक संस्था, बैंक तथा वित्तिय संस्थाहरुसँगको सहकार्यमा हरित सडक (Green Road) को विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

ग) वायु प्रदुषण नियन्त्रण गर्नु पर्ने क्षेत्र पहिचान गर्ने र नगर भित्र रहेको पुरानो बस्तीहरुमा गाडीहरुको प्रवेशलाई नियन्त्रित गरी पैदल/साइकल/विद्युतीय सार्वजनिक सवारी प्रवर्द्धन गरिनेछ ।

घ) सामुदायिक वन उपभोक्ता समूहहरुको वार्षिक योजना तथा कार्यक्रम नगरपालिकामा अनिवार्य रुपमा पेश गर्न निर्देशन दिइनेछ र तोकिए बमोजिम शुल्क तथा दस्तुर नगरपालिकाको संचित कोषमा जम्मा गर्ने व्यवस्थालाई कडाइसाथ लागु गरिनेछ।साथै सामुदायिक वन उपभोक्ता समूहहरूको क्षमता अभिवृद्धिका विविध कार्यक्रमहरु सचालन गरिनेछ। सामुदायिक वन उपभोक्ता समूहहरुसंग हरियाली प्रवर्द्धन तथा वातावरण संरक्षणमा समन्वय र सहकार्यको वातावरण बनाइने छ ।

## ३.३ विपद् व्यवस्थापन

क) कीर्तिपुर नगरभित्र अव्यवस्थित र अनावश्यकरुपमा रहेका विद्युतीय तथा अन्य तारहरू र पोल(खम्बा) सरोकारवालाहरूको समन्वयमा व्यवस्थित गरिनेछ ।

ख) नगर स्तरीय विपद् जोखिम न्यूनीकरण रणनीति क्रियाकलाप योजनाको विकास गरी सबै क्षेत्रका गतिविधिहरुमा विपद् जोखिम न्यूनीकरणलाइ मूल प्रवाहीकरण गर्दै लगिनेछ ।

ग) विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरणमा समुदाय, महिला तथा युवाहरुको पहुँचलाई प्राथमिकता प्रदान गरी विपद् व्यवस्थापन सम्बन्धी ज्ञान र सीप प्रदान गरिने छ ।

घ) सबै विद्यालयहरुमा विपद् मैत्री बनाउन प्रोत्साहन गरिने छ ।

ङ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न स्थापित विपद् व्यवस्थापन कोष सम्वद्ध संस्थाहरुसंग समन्वय गरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

च) विपद् जोखिम न्यूनीकरणकका लागि समुदाय स्तरमा सम्वद्ध संघसंस्थाहरु, निजि क्षेत्र तथा अन्य क्षेत्रसँगको साझेदारी, सहकार्य र सहयोगमा जनचेतना अभिबृद्धी लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने नीति अबलम्बन गरिनेछ ।

छ) नगर स्तरमा प्रतिकार्यलाई प्रभावकारी बनाउन आपतकालिन कार्य सञ्चालन केन्द्र (ईमरजेन्सी अपरेशन सेन्टर) को स्थापना तथा सञ्चालन कार्यलाई थप व्यवस्थित गरिनेछ र विपद्मा प्रयोग गर्नको लागि नगरपालिका क्षेत्र भित्र खुला क्षेत्रहरूको पहिचान गरिनेछ ।

ज) विपद्का समयमा जनधनको क्षतीलाइ कम गर्न नगरस्तरमा द्रुत प्रतिकार्य समूहको गठन, प्रशिक्षण तथा स्रोत र साधनको व्यवस्थाका लागि सम्वद्ध संस्थाहरुसंग समन्वय गरिनेछ ।

झ) विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि आवश्यक जनशक्तिको उत्पादन तथा विपद् जोखिम व्यवस्थापनका लागि नगरस्तरीय विपद पूर्वतयारी तथा प्रतिकार्य योजना अनुरुपका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

ञ) विपद् व्यवस्थापन तथा जलबायु परिर्वतन सम्बन्धी खतरा र जोखिमका क्षेत्रहरुमा संकटासन्नतालाइ न्यूनीकरण गर्न आवश्यक नीति, कार्यविधि, निर्देशिका तथा योजनाहरुको विकास गरी क्रमैसंग आन्तरिक तथा वाह्य स्रोत प्राप्त गरी प्रभावकारी कार्यान्वयन गरिने छ ।

## ३.४ भू तथा जलाधार संरक्षण

क) दशकौं देखि दुधपोखरी, सिम र नौमुलेबाट वितरण भइरहको पानीको वितरण प्रणाली तथा गुणस्तरमा सधुार गर्ने योजना रहेको छ । खानेपानीको दीर्घकालिन समाधानका लागि काठमाण्डौं उपत्यका खानेपानी लिमिटेडसँग समन्वय र सहकार्य गरि प्राकृतिकश्रोतको यथोचित संरक्षण तथा संकलन गर्ने र विभिन्न ठाउँको डिपबोरिङको श्रोतलाई सहि ढंगले व्यवस्थापन गर्ने, मेलम्चीको पानी वितरण कार्यलाई व्यवस्थित बनाइनेछ ।

ख) परम्परागत खानेपानीका श्रोतहरू ढुंगेधारा, पोखरी, ईनारहरूको सरंक्षण गर्न विशेष कार्यक्रम ल्याईनेछ ।

ग) यस नगरपालिका क्षेत्रभित्र बाह्रै महिना पानी बग्ने नदी खोला तथा अन्य जलाधार स्रोतहरूको संरक्षण गरी जलाधार क्षेत्रमा हुने भू-क्षय तथा वातावरण प्रदुषणलाई न्यूनीकरण गर्न वायो ईञ्जिनियरिङ्ग सहितको जलाधार संरक्षण र सम्वर्द्धन कार्यलाई निरन्तरता दिईनेछ ।

घ) बल्खु र बागमती नदी, दुधपोखरी, सिम, नौमुले, राउटे भीर, सिम्ले खोला, बोसन खोला लगायतको जलाधार क्षेत्रको संरक्षणका लागि तटवन्ध तथा चेकड्याम निर्माण, वृक्षारोपण लगायतका कार्यलाई निरन्तरता दिईनेछ ।

ङ) जल उत्पन्न प्रकोप नियन्त्रणका लागि भवन एवं अन्य पूर्वाधार निर्माणका क्रममा खोला एवं पूर्वाधार निर्माण सम्बन्धी स्वीकृत मापदण्ड कडाइका साथ लागु गरिनेछ ।

## ३.५ भूमि नीतिः

क) नगर क्षेत्र भित्रको नापी भै जग्गा धनी प्रमाण पूर्जा वितरण हुन बाँकी भएकोमा आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिईनेछ ।

ख) नगर क्षेत्रभित्र रहेका विर्ता जग्गा स्थानीय सरकारको नाममा ल्याउनको लागि पहल गरिनेछ ।

ग) यस कीर्तिपुर नगरपालिकाको हाल कायम भएको सांध सिमानालाई समेटेर नापी, मालपोत लगायतका सम्बन्धित निकायसँग समन्वय गरी नगरपालिकाको नयाँ भौगोलिक नक्शा प्रकाशन गर्न पहल गरिनेछ ।

घ) कीर्तिपुर नगर क्षेत्र भित्रका भूमिको वर्गिकरण गरी कार्यान्वयनमा ल्याइनेछ ।

ङ) सार्वजनिक जग्गाहरुको लगत राखी संरक्षणका लागि स्थानीय समुदायसंग समन्वय र साझेदारी गरिनेछ ।

च) नगर क्षेत्र भित्र पुन नापी हुन बाँकी रहेको क्षेत्र वडा नं ४ मा पुनः नापी कार्य भइरहेको र बाँकी अन्य वडाहरूमा समेत सम्बन्धित निकायहरुसंग आवश्यक समन्वय गरी प्रकृया अगाडी बढाइनेछ ।

छ) राष्ट्रिय भूमि आयोग मार्फत भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरण गरी जग्गा उपलव्ध गराउन आवश्यक समन्वय र सहयोग गरिनेछ ।

ज) पर्ति, ऐलानी तथा सार्वजिनक जग्गा र हदबन्दीमा परेको जग्गा नगरपालिकाको नाममा भोगाधिकार प्राप्त गरी स्थानीय स्तरमा उपयोगका लागि पहल गरिनेछ ।

## (४) भौतिक पुर्वाधार विकास क्षेत्र

### ४.१ भौतिक पुर्वाधार

क) विद्युतिय सवारी साधनलाई प्रोत्साहन गर्न चार्जिङ स्टेसन स्थापनाका लागि सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरिनेछ ।

ख) नगर प्रवेश गर्ने विद्यमान मुख्य सडक निकै चापमा रहेको र साँगुरो समेत भएकोले बैकल्पिक सडक निर्माण तथा सुधारको लागि पहल गरिनेछ ।

ग) सम्पूर्ण सम्पदा स्थलहरूमा सन्ध्याकालीन बत्ती तथा सडक बत्ती जडानको कार्यक्रम सञ्चालन गरिने छ । साथै नेपाल विद्युत प्राधिकरणको साझेदारीमा सडक बत्ती जडान गरिनेछ र यसरी जडान हुने बत्ती दिगो व्यवस्थापनको लागि प्राधिकरणलाई जिम्मेवार बनाईने नीति लिइनेछ ।

घ) कीर्तिपुर नगर क्षेत्रमा ढलको दिगो र प्रभावकारी व्यवस्थापन गरिनेछ ।

ङ) नगरपालिकाको प्रवेशको मुख्य नाकाहरुमा स्वागत बोर्डहरु र आवश्यक पूर्वाधारहरूको निर्माण गरिनेछ ।

च) विद्युतीय नगर बस, टयाम्पू सञ्चालनको लागि व्यवस्था मिलाईनेछ ।

छ) नगरको मुख्य मुख्य स्थानमा सवारी पार्किङ्गको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

ज) नगर क्षेत्रका मुख्य मुख्य सडकहरुमा ट्राफिक आईल्याण्डहरुको व्यवस्थित निर्माण गरिनेछ ।

झ) साविक सडकमा ढल तथा खानेपानी र अन्य प्रयोजनका लागि सडक खन्नु पूर्व नगरपालिकाको स्वीकृति लिई पूर्ववत अवस्था हुने गरी सम्बन्धित पक्षबाट नै काम सम्पन्न गराउने नीति लिइनेछ ।

ञ) नगरभित्रका सबै सडकहरूलाई अद्यावधिक राख्नका लागि आवश्यक जनशक्ति र बजेटसहितको विशेष कार्यदल गठन गरी कृयाशिल बनाईनेछ ।

ट) कार्यालय भवन निर्माण गर्न बाँकी वडा कार्यालयहरुको निर्माण कार्य शुरु गरिनेछ ।

ठ) ५०% साझेदारी लागत सहभागिता हुने योजना कार्यान्वयनलाई प्राथमिकता दिने नीतिलाई निरन्तरता दिइनेछ ।

ड) घना वस्ती क्षेत्रमा पर्यटन प्रवर्द्धनको लागि सम्पदा पदमार्ग निर्माण गरिनेछ ।

ढ) विभिन्न कार्यालयहरु मातहत रहेका नगर क्षेत्र भित्रका सडकहरु निर्माण एवं मर्मतका लागि आवश्यक समन्वय गरिनेछ ।

ण) भवनको नक्सापास प्रकृयालाई सरल, सहज र पारदर्शी बनाई विद्युतीय भवन निर्माण अनुमती प्रणालीलाई थप प्रभावकारी बनाई ऐनले तोकेको समयमा नै नक्सा पास गरी भवन निर्माण ईजाजत पत्र प्रदान गरिनेछ । यसका लागि क्षमता अभिवृद्धि सहित विभिन्न माध्यमबाट सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

त) विद्युतीय नक्सा पास प्रकृया शुरु हुन भन्दा पहिला निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गरिएका/नगरिएका घरहरूका सबै नक्सा फाईलहरूलाई स्क्यान गरी विद्युतीय हस्ताक्षरको प्रयोगबाट अनलाईन प्रणालीमा ल्याईनेछ र नगरपालिका कार्यालयमा रहेका नक्सा फाईलहरूलाई सम्बन्धित घरधनीलाई नै फिर्ता गर्ने व्यवस्था मिलाईनेछ ।

## ४.२ खेलकुद विकास

क) सबै वडाहरुमा खेल मैदान तथा व्यायामशाला निर्माण गरी युवा तथा खेलकुद विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

ख) विद्यालय तथा वडास्तरको खेलकुद प्रशिक्षण तथा प्रतियोगिता कार्यक्रम तथा "मेयर खेलकुद् कार्यक्रम" लाई निरन्तरता दिइनेछ।

ग) नगरभित्र सञ्चालन हुने विभिन्न खेलकुद कार्यक्रमहरू र आन्तरिक तथा बाह्य प्रतियोगिताहरूमा सहभागी हुने कार्यलाई निरन्तरता दिइनेछ ।

घ) विद्यालय तथा समुदाय स्तरमा खेलकुदका पूर्वाधार तयार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

ङ) कीर्तिपुर नगरपालिका क्षेत्रभित्र एउटा अन्तराष्ट्रिय स्तरको ट्रायक एण्ड फिल्ड सहितको रंगशाला निर्माण कार्य यथाशक्य चाँडो सम्पन्न गरिनेछ ।

च) युवाहरुलाई कुलत तथा दुर्व्यसनवाट टाढा राख्न र शारीरिक तथा मानसिक क्षमताको विकास गर्न नगर स्तरीय खेलकुद कार्यक्रमहरुको आयोजना गर्न विशेष प्राथमिकता दिइनेछ ।

# (५) सुशासन तथा संस्थागत विकास क्षेत्र

## ५.१ सु-शासन

क) कर्मचारीहरूका लागि आवश्यक क्षमता विकास तालिम कार्यक्रमहरू सञ्चालन गरी दक्ष बनाई नगरबासीलाई उपलब्ध गराउने सेवा प्रवाहलाई चुस्त, दुरुस्त, छिटो, छरितो, पारदर्शी जवाफदेही र जनउत्तरदायी बनाईनेछ।

ख) सबै शाखा प्रमुख तथा वडा सचिवको जवाफदेहिता वृद्धि गर्न कार्यसम्पादन करार गरिनेछ ।साथै सबै शाखा तथा कर्मचारीको कार्य विवरण तोकिनेछ ।

ग) जनप्रतिनिधि/कर्मचारीलाई क्षमता अभिवृद्धि तथा आन्तरिक पर्यटनको प्रर्बद्धनलाई समेत सघाउ पुग्ने गरी अध्ययन, अवलोकन भ्रमणको व्यबस्था मिलाईनेछ।

घ) यस कार्यालयमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनको आन्तरिक मूल्याङ्कन गरी उत्कृष्ठ कर्मचारी घोषणा गर्दै उचित पुरस्कारको व्यबस्था गरिनेछ।

ङ) कर्मचारी व्यवस्थापन प्रणाली PIS मा जोडिन वाँकी कर्मचारीहरुलाई पनि आवद्ध गरिनेछ ।

च) सार्वजनिक जग्गा संरक्षण कार्यक्रम, कानून शाखा तथा न्यायिक समिति प्रवर्द्धन कार्यक्रम, नक्सा पास शाखा सुधार कार्यक्रम, सरसफाइ व्यवस्थापन कार्यक्रम, सडक सुधार कार्यक्रम, सञ्चालन गरिनेछ ।

छ) आन्तरिक लेखा परीक्षण शाखाको क्षमता अभिवृद्धि गरी देखिएका बेरुजुहरूको समयमा नै सम्बोधन गर्ने व्यवस्था मिलाई बेरूजु न्यूनिकरण गरिनेछ ।

ज) नगरपालिकाबाट सञ्चालित कार्यक्रम सम्पन्न भए पश्चात सरोकारवालाहरूको सहभागीतामा समीक्षा बैठक गर्ने नीतिलाई अबलम्बन गरिनेछ ।

## ५.२ सूचना प्रविधि

क) नगरपालिकामा एकीकृत सूचना प्रणालीको थप प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिनेछ।

ख) फ्रि वाइफाइ तथा सी.सी.टि.भि. व्यवस्थापनमा सुधार गरी थप विस्तार गरिनेछ।

ग) स्पासियल ईन्फरमेसन (Spatial Information) सहितको घर नम्बरिङ, व्यक्तिगत विवरण, बाटोघाटो, नगरमा रहेका सार्वजनिक स्थानहरु आदि समेटिएको नगर पार्श्वचित्र (नगर प्रोफाईल) तयार गरी भौगर्भिक सूचना प्रणाली (GIS) र घर नक्सा प्रणालीसँग जोडिनेछ।

घ) नगरपालिकामा सञ्चालनमा रहेका प्रणालीहरुको Digital Security सहित डाटा Backup स्थापना गरीएकोमा सो डाटा सेन्टरबाट सेवा प्रबाहमा IT Tools and Techniques को व्यवस्थापन गरिनेछ।

ङ) करदातालाई सहज र सरल कर भुक्तानी सेवा दिनका लागि अनलाईन पेमेन्ट प्रणाली सञ्चालनमा ल्याइनेछ ।

अन्त्यमा, कीर्तिपुर नगरवासीको चाहना अनुरुप स्थापित यस स्थानीय सरकारले साधन र स्रोतको सिमितताका बाबजुत पनि बढ्दो जन आकांक्षालाई यस नीति तथा कार्यक्रमबाट केही हदसम्म सम्बोधन गर्ने प्रयास गरिएको छ। नगरपालिकाको विकास निर्माण, सेवा प्रवाह, मौलिक संस्कृतिको संरक्षण र पर्यटन प्रवर्द्धन, शिक्षा, स्वास्थ्य, फोहोरमैला व्यवस्थापन जस्ता आधारभूत विषयलाई महत्त्व दिई तयार पारिएको नीति तथा कार्यक्रमबाट "साँस्कृतिक र प्राकृतिक सम्पदायुक्त, शैक्षिक एवं पर्यटकीय शहर, स्वच्छ हराभरा, समाबेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर" दूरदृष्टि सहितको लक्ष्य हासिल गर्न मद्दत पुग्ने छ भन्ने विश्वास लिएका छौं र सो अभियानमा सम्पूर्ण नगरवासीको साथ र सहयोग रहने अपेक्षा समेत गरेका छौं । प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदारहरू, सञ्चार जगत, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ समुदाय, राजनैतिक दल, कर्मचारी र सम्पूर्ण वुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछौं।